**निर्णय नं १**

दशौं नगर सभामा पारितको लागि पेश भएको कागेश्वरी मनोहरा नगरपालिकाको आ.व. ०८१/८२ को नीति तथा कार्यक्रम र बजेट माथी नगरसभा सदस्यहरुले पेश गर्नु भएको सुझावहरुलाई समेटि खानेपानी, शिक्षा, स्वास्थ्य, उद्यमशिलता, खेलकुद नगरी, सुशासन र सूचना प्रविधी, सहरी सुरक्षा तथा सौन्दर्यीकरणका क्षेत्रहरुलाई मुख्य प्राथमिकतामा राखी नीति तथा कार्यक्रम र बजेट २०८१ सर्वसम्मतले पारित गरियो।

**निर्णय नं २**

दशौं नगर सभामा पारितको लागि पेश भएको विनियोजन विधेयक २०८१ लाई सर्वसम्मतले पारित गरियो।

**निर्णय नं ३**

दशौं नगर सभामा पारितको लागि पेश भएको आर्थिक विधेयक २०८१ लाई सर्वसम्मतले पारित गरियो।

**निर्णय नं ४**

कागेश्वरी मनोहरा नगरपालिकामा आ.व. २०८०/८१ को २०८० साल श्रावण १ गते देखि २०८१ साल आषाढ महिना सम्म सम्पन्न नगरकार्यपालिका बैठक, नगर प्रमुखस्तरीय निर्णय, विषयगत समितिका निर्णय र कार्यपालिकास्तरीय निर्णयहरुलाई सर्वसम्मतले अनुमोदन गरियो।

**निर्णय नं ५**

कागेश्वरी मनोहरा नगरपालिकामा नगर उपप्रमुखको अध्यक्षतामा रहेको नगरस्तरीय अनुगमन तथा मुल्याङ्कन समितिले आ.व. ०८०/८१ मा संञ्चालित योजनाहरुको अनुगमन गरी अन्तिम भुक्तानीको लागि सिफारिस गरिएको सम्पुर्ण निर्णयहरु
लाई सर्वसम्मतले अनुमोदन गरियो।

**निर्णय नं ६**

विषयगत समितिहरुबाट पेश भएका तपशिलमा उल्लेखित समितिका प्रतिवेदनहरुलाई सर्वसम्मतले पारित गरियो।

**सार्वजनिक सेवा तथा क्षमता विकास समितिको प्रतिवेदनः**

श्रीमान सभाध्यक्ष नगर प्रमुख ज्यू,

नगर उप-प्रमुख,